गौरीशंकर गाउँपालिका ४७ औ कार्यपालिका बैठक

आज मिति २०८२।०९।२३ गते यस गौरीशंकर गाउँपालिकाको ४७ औ कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. अध्यक्ष | श्री विश्वास कार्की |
| २. उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. वडा नं ९ अध्यक्ष | श्री ङिमगेली शेर्पा |
| १२. कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १३. कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १४. कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. कार्यपालिका सदस्य | श्री डोमा शेर्वा |
| १६. कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १७. कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १८. प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

गौरीशंकर गाउँपालिका ४७ औं कार्यपालिका बैठक

निर्णय नं १ : हिउँदे अधिवेशन सम्बन्धमा :

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिकाको हिउदे अधिवेशन यही मिति २०८२।०९।३० गते सम्पन्न गर्ने निर्णय गरियो । सो सम्बन्धमा वडा कार्यालयहरुबाट आवश्यक रकमान्तरका विषय तथा योजनाहरु यस बैठकको मितिले ५ दिनभित्र गाउँपालका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

विविध :

क. अध्ययन बिदा स्विकृति सम्बन्धमा :

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका वडा नं ५ स्थित सुरी प्राथमिक स्वास्थ केन्द्रमा कार्यरत सि.अ.न.मी श्री सुस्मिता बराईली चिकित्सा शिक्षा आयोगको सूचना अनुसार चिकित्सा शिक्षाको स्नातक तहमा Midwifery पढ्नका लागी छात्रवृत्तीमा नाम छनौट भई तलबी अध्ययन बिदाको स्विकृतीका लागी मिति २०८२।०९।०३ गते दिनुभएको निवेदनका आधारमा यस कार्यपालिकाको निर्णय द्धारा तलबि अध्ययन बिदा स्विकृत गर्ने निर्णय गरियो ।

ख. आर्थिक सहायता सम्बन्धमा :

क. वडा नं २ जुँगु निवासी श्री गोकुल कार्की गाडि दुर्घटनामा गम्भिर घाईते भई काठमाण्डौ के.एम.सी अस्पतालमा उपचाररत रहेको तथा अपरेशन गरीरहेको अवस्थामा निजको आर्थिक अवस्था कमजोर भएको हुदाँ वडा कार्यालय मार्फत आर्थिक सहयोगका लागी सिफारिस भई आएको हुदाँ कार्यपालिका निर्णय द्धारा रु ४० हजार सहयोग गर्ने निर्णय गरियो ।

ख. वडा नं २ जुँगु निवासी श्री सुमन कार्की मष्तिष्कमा गम्भिर समस्या आई भक्तपुर ईन्टरनेशनल अस्पतालमा उपचाररत रहेको अवस्थामा निजको आर्थिक अवस्था कमजोर भएको हुदाँ वडा कार्यालय मार्फत आर्थिक सहयोगका लागी सिफारिस भई आएको हुदाँ कार्यपालिका निर्णय द्धारा रु ३० हजार सहयोग गर्ने निर्णय गरियो ।

ग. वडा नं २ जुँगु निवासी श्री शुशिल कार्की टाउकोमा गम्भिर समस्या आई भक्तपुर ईन्टरनेशनल अस्पतालमा उपचाररत रहेको अवस्थामा निजको आर्थिक अवस्था कमजोर भएको हुदाँ वडा

कार्यालय मार्फत आर्थिक सहयोगका लागी सिफारिस भई आएको हुदाँ कार्यपालिका निर्णय द्धारा रु ३० हजार सहयोग गर्ने निर्णय गरियो ।

थ्रि फेज लाईन जडान सम्बन्धमा :

क. उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका कार्यालयमा थ्रि फेज लाईन जडानका लागी पत्राचार भएकोमा हाल सम्म पनि उक्त लाईन जडान नभएको हुदाँ नेपाल विध्युत प्राधिकरण चरिकोटमा थ्रि फेज लाईन जडानका लागी पुनः कार्यालय मार्फत पत्राचार गर्ने निर्णय गरियो

भलिबल प्रतियोगिता भुक्तानी सम्बन्धमा :

क. बिगु गाउँपालिकामा मिति २०८२।०८।१४ देखि १७ सम्म आयोजना भएको अन्तर पालिका स्तरिय भलिबल महिला प्रतियोगितामा गाउँपालिका द्धारा सहभागी टोलीको व्यवस्थापन गरेको प्रसन्न होटल सिंगटीलाई पेश बिल भर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो ।